# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ४** **संख्याः १३** **कार्यपालिका पारित मितिः २०७८।०५।२५**

**प्रमाणिकरणः२०७८।०५।३१**

**प्रकाशन मितिः २०७८।०५।३१**

## भाग-२

# ठाकुरबाबा नगरपालिका


## ठाकुरबाबा नगर बालबालिकाको हक अधिकार संरक्षण र सम्वर्धन सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावनाः** बालबालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्न, बालअधिकारको सम्मान, पालना, सम्वर्धन, परिपूर्ति एवं बालमैत्री स्थानीय तहको निर्माण गर्दै बालबालिकाको सर्वोत्तम हित कायम गर्न, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, नेपालको संविधान, बालबालिका सम्बन्धी प्रचलित विद्यमान कानूनहरु तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले परिकल्पना गरेको विषयहरुलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले **ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४** बमोजिम यो कार्यविधि तयार गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस यस कार्यविधिको नाम "**ठाकुरबाबा नगर बालबालिकाको हक अधिकार संरक्षण र सम्वर्धन सम्बन्धी कार्यविधि, २०७८**" रहेको छ।

(२) यो कार्यविधि ठाकुरबाबा नगरपालिको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संविधान" भन्नाले नेपालको संविधान, २०७२ लाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ।

ठाकुरबाबा नगर बालबालिकाको हक अधिकार संरक्षण र सम्वर्धन सम्बन्धी कार्यविधि, २०७८

(ग) "कार्यविधि" भन्नाले ठाकुरबाबा नगरपालिकाद्वारा जारी गरिएको **"ठाकुरबाबा नगर बालबालिकाको हक अधिकार संरक्षण र सम्वर्धन सम्बन्धी कार्यविधि, २०७८"** लाई सम्झनु पर्छ ।

(घ) "बालबालिका सम्वन्धी ऐन" भन्नाले बालबालिका सम्वन्धी ऐन, २०७५ लाई सम्झनु पर्छ ।

(ङ) **"बालबालिका"** भन्नाले १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिहरुलाई सम्झनु पर्छ ।

(च) **"बालबालिका डेक्स"** भन्नाले ठाकुरबाबा नगरपालिकाले नगरपालिकाको कार्यालय र वडा कार्यालयमा स्थापना गरेको बालबालिकासम्बन्धी काम गर्ने डेक्सलाई सम्झनु पर्छ ।

(छ) **"सम्पर्क व्यक्ति"** भन्नाले ठाकुरबाबा नगरपालिकाको कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका डेक्समा रही काम गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

(ज) **"बाल अधिकार समिति"** भन्नाले बालबालिकाको आधारभूत अधिकारहरुको संरक्षण तथा सम्वर्धन गर्नका लागि यस कार्यविधिको दफा ७ क.१ र ७ ख.१ बमोजिम गठन गरिएका समितिहरुलाई सम्झनु पर्दछ ।

(झ) **"बालमैत्री स्थानीय शासन समिति"** भन्नाले यस कार्यविधिको दफा ७ ग. १ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

(ञ) **"बालक्लब"** भन्नाले विद्यालय तथा समुदायस्तरमा बालबालिकाहरुको सहभागितामा गठन भई ठाकुरबाबा नगरपालिकामा दर्ता भएर सञ्चालनमा रहेका बाल समूहहरुलाई सम्झनु पर्दछ ।

(ट) **"संरक्षक** भन्नाले अभिभावकविहीन बालबालिकालाई अभिभावकत्व प्रदान गर्न बाल कल्याण अधिकारीद्वारा नियुक्त गरीएको व्यक्तिलाई सम्झनु पर्दछ ।

(ठ) **"बालक्लब सञ्जाल"** भन्नाले पालिका तथा वडास्तरमा गठन भएका बालक्लबहरुको सञ्जाललाई सम्झनु पर्दछ ।

(ड) **"गैरसरकारी संस्था"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका र स्थानीय तहसँग समन्वय गरी कार्य सञ्चालन गर्ने गैर नाफामूलक सामाजिक संस्थालाई सम्झनुपर्छ ।

(ढ) **"बाल कल्याण कोष"** भन्नाले बालअधिकारको संरक्षण र सम्वर्धन गर्नका लागि ठाकुरबाबा नगरपालिका र नगरपालिका अन्तर्गतका वडामा खडा गरिएको कोषलाई सम्झनु पर्दछ ।

(ण) **"प्रमाणपत्र"** भन्नाले ठाकुरबाबा नगरपालिकामा दर्ता भएका बालक्लबहरुलाई दिइने सूचीकृत प्रमाणपत्रलाई सम्झनु पर्छ ।

(त) **"नगरपालिका"** भन्नाले ठाकुरबाबा नगरपालिका, सैनवार बर्दियालाई सम्झनु पर्छ ।

(थ) **"प्रमुख"** भन्नाले ठाकुरबाबा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(द) **"उपप्रमुख"** भन्नाले ठाकुरबाबा नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्छ ।

(ध) **"वडा"** भन्नाले ठाकुरबाबा नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुलाई सम्झनु पर्छ ।

(न) **"वडाध्यक्ष"** भन्नाले ठाकुरबाबा नगरपालिका अन्तर्गतका वडाका वडाअध्यहरुलाई सम्झनु पर्छ ।

(प) **"सभा"** भन्नाले ठाकुरबाबा नगरपालिकाको नगरसभालाई सम्झनु पर्छ ।

(फ) **"कार्यपालिका"** भन्नाले ठाकुरबाबा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ब) **"वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका"** भन्नाले अभिभावकत्व गुमाएका वा अभिभावकत्व पाउन नसकी संरक्षणको आवश्यकता भएका बालबालिकालाई सम्झनु पर्दछ ।

(भ) **"अनाथ बालबालिका"** भन्नाले प्रचलित कानून बमोजिमका अनाथ बालबालिकाहरुलाई सम्झनु पर्छ ।

(म) **"आवासीय बालगृह"** भन्नाले वैकल्पिक स्याहारका लागि प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको बाल गृहलाई सम्झनु पर्छ ।

(य) **"कसुरजन्य कार्य"** भन्नाले प्रचलित कानून बमोजिम हुने फौजदारी कसूरलाई सम्झनु पर्दछ ।

(र) **"परिवार"** भन्नाले बालबालिकाका बाबु, आमा, दाजु, भाई वा अविवाहिता दिदी, बहिनी, हजुरबुबा, हजुरआमालाई सम्झनु पर्छ र सो शब्दले एकासगोलमा बस्ने नजिकका अन्य नातेदारलाई समेत जनाउँछ ।

ठाकुरबाबा नगर बालबालिकाको हक अधिकार संरक्षण र सम्वर्धन सम्बन्धी कार्यविधि, २०७८

(ल) **"कार्यपालिका सदस्य"** भन्नाले ठाकुरबाबा नगरपालिकाको नगर कार्यपालिकाका सम्पूर्ण सदस्यहरुलाई जनाउँछ ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) सबै प्रकारका बालबालिकाहरुको अधिकारको संरक्षण तथा सम्वर्धन गर्ने ।

(ख) बालमैत्री स्थानीय शासन र विद्यालय शान्ति क्षेत्र अभियान प्रवर्धन गर्ने ।

(ग) बालबालिकाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

(घ) बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हानी र जोखिम न्यूनीकरण गर्ने ।

(ङ) बालबालिकाको अभिलेख (घटना व्यवस्थापन, सूचना, तथ्याङ्क, जन्मदर्ता आदि) व्यवस्थापन गर्ने ।

(च) बालअधिकार संरक्षण र सम्वर्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरुसँग समन्वय, सहकार्य, साझेदारी र सेवा प्रदायकको सूचिकृत गर्ने ।

(छ) बालश्रमको न्यूनीकरण गर्ने ।

**४. बालबालिकाको हक अधिकार संरक्षण सम्वन्धी व्यवस्थाहरुः**

बालबालिकाको अधिकारलाई स्थापित गर्न तथा बाल संरक्षणका लागि विद्यमान कानूनलाई कार्यान्वयन गर्न देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिने छन् :

- भ्रूणको लिंग पहिचान गरी गर्भपतन गराउने र लिङ्गको आधारमा विभेद गर्ने प्रचलनलाई अन्त्य गर्नका लागि व्यापक प्रचारात्मक अभियान सञ्चालन गर्ने ।
- जन्मदर्ता कम भएका क्षेत्रको पहिचान गरी जन्मदर्ता सम्वन्धी सचेतना अभियान सञ्चालन गर्ने (टोल विकास, लैङ्गिक हिंसा निगरानी समूह, आमा समूह, महिला स्वयंसेविका, बालक्लवमार्फत) तथा ३५ दिनभित्र जन्मदर्ता गर्न अभिभावकलाई प्रोत्साहन गर्ने ।
- बाल विवाह रोकथाम तथा न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम (टोल विकास, लैङ्गिक हिंसा निगरानी समूह, आमा समूह, महिला स्वयंसेविका, बालक्लवमार्फत) का साथै उद्धार तथा संरक्षण, मनोसामाजिक परामर्श तथा पुनर्स्थापनालाई टेवा पुर्याउने कार्यक्रम सञ्चालन गर्ने ।
- बाल विवाह विरुद्धमा प्रचार प्रसार (रेडियो, टिभि, पत्रपत्रिकामार्फत) गर्ने ।
- वैवाहिक कार्यक्रम हुने धार्मिक तथा सार्वजनिक स्थलहरुमा बाल विवाह निषेध अभियान सञ्चालन तथा रोकथामका लागि धामी, झाँक्री, पुरोहित, पण्डित, लामा, पादरी आदिलाई पहिचान तथा पैरवी अभियान सञ्चालन गर्ने ।
- निकृष्ट प्रकारको बालश्रममा रहेका बालबालिकाको उद्धार र पुनस्थापना कार्यक्रम (अस्थायी बालगृह सञ्चालन मार्फत पारिवारिक पुनर्मिलन, बालश्रममा रहेका बालबालिकाको विवरण सङ्कलन, अद्यावधिक तथा रोकथामका लागि प्रचारप्रसार (कानुनी प्रावधान र सजाय) र बालश्रममा रहेका बालबालिकाको क्षमता अभिवृद्धि तालिम, बालश्रममुक्त टोल तथा वडा घोषणा गर्ने ।
- ठाकुरबाबा नगरपालिकाभित्र व्यवसाय दर्ता गर्दा तथा निर्माण सम्वन्धीका कार्य गर्दा बालश्रम प्रयोग नगर्ने प्रतिबद्धता तथा नविकरण गर्दा बालश्रम नरहेको भनी सिफारिस प्राप्त भए मात्र नवीकरण गर्ने प्रचलन स्थापित गर्ने र ठाकुरबाबा नगरपालिकाले कुनै पनि सम्झौता गर्दा बालश्रम प्रयोग गर्न नपाईने भनी अनिवार्य शर्त उल्लेख गर्नुपर्ने व्यवस्था अवलम्वन गर्ने ।
- बालबालिकाविरुद्ध हुने हिंसा, बेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसासम्वन्धी सूचना व्यवस्थापन गर्ने ।
- किशोरीका लागि जीवनोपयोगी सीप तथा तालिम र आयआर्जन कार्यक्रम सञ्चालन गर्ने ।

ठाकुरबाबा नगर बालबालिकाको हक अधिकार संरक्षण र सम्वर्धन सम्बन्धी कार्यविधि, २०७८

- संरक्षणविहिन, अपाङ्गता भएका एवं विशेष संरक्षण आवश्यक रहेका बालबालिकाको पहिचान, उद्धार, सामाजिकीकरण तथा पुनर्मिलनका लागि आवधिक तथा आवश्यकतानुसार दीर्घकालीन बालगृहको स्थापना, सञ्चालन एवं पारिवारिक सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
- हिंसा, शोषण, दुर्व्यवहार, बेचविखन न्यूनीकरणका लागि घर, परिवार, विद्यालय तथा समुदायमा सचेतनामूलक अभियान सञ्चालन गर्ने ।
- समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापना, क्षमता विकास तथा तथा परिचालन र बालसंरक्षण कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने ।
- शिशु स्याहार केन्द्रको स्थापना तथा सञ्चालन गर्ने ।
- बालबालिकालाई लागूपदार्थ तथा कुलतबाट संरक्षण सम्बन्धी अभियान, दुर्व्यसनबाट पिडित बालबालिकाको उपचार, परामर्श तथा पुर्नस्थापना कार्यक्रम ।
- घरपरिवार र समुदायबाट बालबालिकाविरुद्ध हुने हिंसा, बेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्न क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने ।
- हिंसा, बेचविखन, शोषण, दुर्व्यवहार, सडक तथा श्रमिक बालबालिकाको उद्धारका लागि उद्धार समिति गठन तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।
- हिंसा, बेचबिखन, शोषण, दुर्व्यवहार तथा घरेलु हिंसा कम गर्नका लागि लैङ्गिक हिंसा निगरानी समूह, सहकारी, टोल विकास समिति, बालक्लब, आमा समूह, महिला स्वयंसेवक तथा जनप्रतिनिधिहरुसँग समन्वय तथा सहकार्य गरी सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- कुनै पनि हिंसा, बेचबिखन, शोषण, दुर्व्यवहारमा परेका तथा सडकमा रहेका बालबालिकाको संरक्षणका लागि पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने ।
- बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली गठन, क्षमता विकास, सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- कानूनी विवादमा परेका बालबालिकाको उद्धार, कानुनी संरक्षण, परामर्श, पुनर्स्थापना तथा बालमैत्री न्यायीक संरचना सुदृढीकरण गर्ने ।
- भयरहित शिक्षा तथा विद्यालय शान्ति क्षेत्र अभियान सञ्चालन गर्ने ।
- बाल हेल्पलाइन र बालबालिका खोजतलास केन्द्र सञ्चालनमा सहयोग गर्ने ।
- बाल यौन हिंसा, शोषण तथा दूर्व्यवहारका साथै साइबर क्राइम तथा आधुनिक प्रविधिको दूरुपयोग सम्बन्धमा सचेतना अभियान, घटना व्यवस्थापन, वहस, पैरवी ।
- अपाङ्ग बालबालिकाहरुका लागि विशेष शिक्षा, तालिम, सामाग्री वितरण, छात्रवृति तथा संरक्षण कार्यक्रम र अपाङ्गता भएका बालबालिकाको संरक्षणका लागि विशेष पहल तथा अपाङ्गमैत्री वातावरणको निर्माण गरिनेछ ।
- समुदायमा आधारित संयन्त्रहरु बालक्लब, टोल, वडा तथा नगरस्तरीय बालअधिकार समिति, बालमैत्री स्थानीय शासन समिति, नागरिक सचेतना केन्द्र, स्थानीय शासन तथा समुदाय विकास कार्यक्रम, आमा समूह, टोल विकास समिति आदिको क्षमता अभिवृद्धि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।
- बालसंरक्षणका लागि बालकोषको स्थापना गर्ने ।
- विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको संरक्षण गर्ने ।
- बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था लगायतका निकायहरु सूचीकृत गर्ने, सेवा मापन गर्ने तथा आवश्यक समन्वय, सहकार्य गरी बाल अधिकारको संवर्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।
- बालमैत्री योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्ने ।

ठाकुरबाबा नगर बालबालिकाको हक अधिकार संरक्षण र सम्वर्द्धन सम्बन्धी कार्यविधि २०७८

- सिफारिस संयन्त्र विकास, बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धीत निकायमा सिफारिस गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गर्ने ।
- बालबालिकाको आकस्मिक सहयोग तथा दीगो विकासका लागि आर्थिक, भौतिक तथा मानविय श्रोतको व्यवस्थापन गर्ने ।
- वार्षिक रुपमा बालबालिकाको स्थितिपत्र प्रकाशन गर्ने ।
- घटना व्यवस्थापन प्रक्रियालाई अवलम्वन गरी प्रभावकारी कार्यान्वयन गर्ने ।
- बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको विश्लेषण गर्ने ।
- बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष अभियान सञ्चालन गर्ने ।
- बालक्लव तथा बाल सञ्जाल गठन, दर्ता तथा परिचालन गर्ने ।
- बाल अधिकार हननका घटनाहरुको अनुगमन तथा कारबाहीका लागि सिफारिस गर्ने ।
- अल्पकालीन आश्रय स्थल सञ्चालन, बालगृह अनुगमन, नियमन तथा कारबाहीको सिफारिस गर्ने ।
- बालबालिकाको हक अधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने ।
- वैकल्पिक स्याहारको आवश्यकता भएका बालबालिकाको लागि स्थानीय संरक्षक पहिचान, संरक्षकत्व प्रदान, वैकल्पिक स्याहारका लागि सिफारिस, आपतकालिन उद्धार गर्ने ।

## ५. बाल कल्याण सम्वन्धी संस्थागत कार्य

### (१) स्थानीय बालअधिकार समितिः

**(क) स्थानीय बालअधिकार समितिको गठनः** (१) बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र र सम्वर्धन गर्न आवश्यक नीति निर्माण गरी नगर कार्यपालिकालाई सिफारिस गर्न नगरपालिकामा देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी एक स्थानीय बालअधिकार समिति रहनेछ ।

| | |
|---|---|
| • नगरपालिकाको उप-प्रमुख | संयोजक |
| • प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| • सामाजिक विकास समिति संयोजक | सदस्य |
| • कार्यपालिकाले तोकेको एक जना महिला कार्यपालिका सदस्य | सदस्य |
| • नगरपालिकाको शिक्षा शाखा प्रमुख | सदस्य |
| • नगरपालिकाको स्वास्थ शाखा प्रमुख | सदस्य |
| • ईलाका प्रहरी कार्यालय प्रमुख वा प्रतिनिधि | सदस्य |
| • बालबालिकाको क्षेत्रमा कार्यरत गै.स.स. का एक जना प्रतिनिधि | सदस्य |
| • पत्रकार प्रतिनिधि एक जना | सदस्य |
| • बालक्लब सञ्जालबाट एक जना बालक र एक जना बालिका | सदस्य |
| • नगरस्तरीय उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधी | सदस्य |
| • बाल कल्याण अधिकारी | सदस्य |
| • महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

(२) बाल अधिकार समितिले आवश्यकता अनुसार अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ र निजहरू पुनर्नियुक्तिको लागि योग्य हुनेछन् ।

ठाकुरबाबा नगर बालबालिकाको हक अधिकार संरक्षण र सम्वर्धन सम्बन्धी कार्यविधि, २०७८

(४) समितिले आफ्नो कार्यलाई थप प्रभावकारी बनाउन आवश्यकतानुसार उपसमिति समेत गठन गरी कार्य गर्न सक्नेछ ।

(५) समितिलाई आवश्यक पर्ने कर्मचारी नगरपालिकाले उपलब्ध गराउनेछ ।

**(ख) समितिको बैठकः** (१) समितिको बैठक कम्तिमा तीन महिनामा एक पटक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्नेछ ।

(२) संयोजकको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछन् ।

(३) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको निर्णय समितिको संयोजकद्वारा प्रमाणित गरिनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) स्थानीय बालअधिकार समितिका मनोनित पदाधिकारीहरुको पदावधि तीन वर्षको रहनेछ ।

**(ग) बाल अधिकार समितिको काम कर्तव्य र अधिकारः** बालबालिकाको अधिकारको सम्मान, संरक्षण र संवर्धन गर्ने उद्देश्यले समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको संरक्षण गर्ने ।

(ख) बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था तथा निकायहरु सूचीकृत गर्ने, सेवा मापन गर्ने तथा आवश्यक समन्वय, सहकार्य गरी बाल अधिकारको संवर्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

(ग) बालमैत्री योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको अनुगमन, मूल्याङ्कन र निरीक्षण गरी आवश्यक निर्देशन तथा कारबाहीका लागि सम्वन्धित निकायमा सिफारिस गर्ने ।

(घ) बालअधिकारको संरक्षण र संवर्धनका निम्ति विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ङ) बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गरिदिने ।

(च) बालबालिकाको निमित्त आकस्मिक सहयोग तथा दीगो विकासका लागि आर्थिक, भौतिक तथा मानवीय श्रोतको व्यवस्था मिलाउने ।

(छ) वार्षिक रुपमा बालकालिकाको तथ्याङ्क सङ्कलन गर्ने, अद्यावधिक गर्ने र स्थितिपत्र प्रकाशन गर्ने ।

(ज) घटना व्यवस्थापन प्रक्रियालाई अवलम्बन गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

(झ) बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको विश्लेषण गर्ने ।

(ञ) बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष अभियान घोषणा गर्न सिफारिस गर्ने ।

(ट) बालबालिकाको हक अधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने ।

(ठ) समितिको सेवा, शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**(२) वडा बालअधिकार समितिः**

ठाकुरबाबा नगर बालबालिकाका हक अधिकार संरक्षण र सम्वर्द्धन सम्बन्धी कार्यविधि, २०७८

**(क) वडा बालअधिकार समितिको गठनः** प्रत्येक वडाहरुमा देहाय वमोजिमको वडा बालअधिकार समिति गठन गरिनेछ :-

| | |
|---|---|
| ● वडा अध्यक्ष | संयोजक |
| ● वडा समितिको एक जना महिला सदस्य | सदस्य |
| ● स्वास्थ चौकी वा आधारभूत स्वास्थ्य केन्द्र प्रमुख | सदस्य |
| ● महिला स्वास्थ्य स्वयंसेविका वा आमा समूहहरुमध्येबाट संयोजकद्वारा मनोनयन एक जना | सदस्य |
| ● प्रहरी प्रतिनिधि एक जना | सदस्य |
| ● वडा बालक्लब सञ्जालबाट एक जना बालिका सहित दुई जना | सदस्य |
| ● बरघर, आदिवासी, जनजाति, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्ग समुदायको प्रतिनिधित्व हुने गरी नागरिक समाजबाट एक जना | सदस्य |
| ● वडा सचिव | सदस्य सचिव |

**(ख) समितिको बैठकः** (१) समितिको बैठक तीन महिनामा कम्तिमा एक पटक बस्नेछ।

(२) समितिको बैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

(४) बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ।

(५) वडा बालअधिकार समितिका मनोनित पदाधिकारीहरुको पदावधि तीन वर्षको रहनेछ।

**(ग) वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः**

(क) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने।

(ख) बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था तथा निकायहरुसँग समन्वय गरी बाल अधिकारको संवर्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने/गराउने।

(ग) बालमैत्री योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्ने।

(घ) बालअधिकारको संरक्षण र संवर्धनका निम्ति विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने।

(ङ) बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गर्ने।

(च) बालबालिकाको निम्ति आकस्मिक सहयोग तथा आर्थिक, भौतिक तथा मानवीय श्रोत व्यवस्थापन गर्ने।

(छ) बालबालिका सम्बन्धी वडा नीति तथा कार्यक्रम तयार गरी लागू गर्ने।

(ज) बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी वडा स्तरीय विशेष अभियान सञ्चालन गर्ने,

(झ) बालबालिकाको हकअधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने।

(ञ) त्रैमासिक रुपमा नगर बालअधिकार समितिमा प्रगती प्रतिवेदन पेश गर्ने।

**(३) बालमैत्री स्थानीय शासन समितिः**

**(क) बालमैत्री स्थानीय शासन समितिको गठनः**

बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको विषयमा स्थानीय तहको नीति, संरचना, पद्धति र कार्यप्रक्रियामा मूलप्रवाहीकरण गर्नका लागि बालमैत्री स्थानीय शासन रणनीति, २०६८ ले दिएको अधिकारको आधारमा तपसिल बमोजिमका पदाधिकारीहरु रहने गरी एक बालमैत्री स्थानीय शासन समिति गठन हुनेछ :-

ठाकुरबाबा नगर बालबालिकाको हक अधिकार संरक्षण र सम्बर्धन सम्बन्धी कार्यविधि, २०७८

| | |
|---|---|
| (१) नगर प्रमुख | अध्यक्ष |
| (२) नगर उपप्रमुख | उपाध्यक्ष |
| (३) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (४) कार्यपालिका सदस्यहरुमध्ये बाट एक महिला सहित २ जना | सदस्य |
| (५) स्वास्थ्य शाखाका प्रमुख वा प्रतिनिधि | सदस्य |
| (६) शिक्षा शाखा प्रमुख वा प्रतिनिधि | सदस्य |
| (७) ईलाका प्रहरी कार्यालय प्रमुख वा प्रतिनिधि | सदस्य |
| (८) अध्यक्षबाट मनोनित बालबालिकाको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाको एक जना प्रतिनिधि | सदस्य |
| (९) पत्रकार महासंघको एक जना प्रतिनिधि | सदस्य |
| (१०) नगरस्तरीय उद्योग वाणिज्य संघको अध्यक्ष | सदस्य |
| (११) स्थानीय विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट समितिले मनोनयन गरेको एक जना महिलासहित २ जना प्रतिनिधि | सदस्य |
| (१२) नगरपालिकामा कार्यरत महिला शिक्षक र महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट समितिले मनोनयन गरेको २ जना प्रतिनिधि | सदस्य |
| (१३) नगरस्तरीय बाल सञ्जालबाट एक जना बालिकासहित २ जना प्रतिनिधि | सदस्य |
| (१४) यातायात व्यवसायीको प्रतिनिधि | सदस्य |
| (१५) महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

**(ख) बालमैत्री स्थानीय शासन समितिको बैठकः** (१) समितिको बैठक एक वर्षमा कम्तिमा दुई पटक बस्नेछ ।

(२) बालमैत्री स्थानीय शासन समितिका मनोनित पदाधिकारीहरुको पदावधि तीन वर्षको रहनेछ ।

(३) बैठकको कार्यविधि समिति आफैले तय गरेअनुसार हुनेछ ।

**(ग) बालमैत्री स्थानीय शासन समितिको काम कर्तव्य र अधिकारः**

क) बालमैत्री वडा तथा नगर घोषणाका लागि नीतिगत निर्णयहरु गर्ने ।
ख) बालमैत्री योजना तर्जुमा गर्ने ।
ग) बालमैत्री शासनका लागि अनुसूची १ मा उल्लेख भए अनुसारको सूचक पुरा गर्नका लागि नेतृत्व तथा सहजीकरण गर्ने ।
घ) बालमैत्री नगर निर्माणका लागि समन्वय तथा सहकार्य गर्ने ।
ङ) बालमैत्री वडा तथा नगर घोषणाका लागि गरिने कार्यहरुको समग्र अनुगमन गर्ने ।

**(४) बालबालिका डेक्सः**

**(क) बालबालिका डेक्सको स्थापना :** (१) प्रत्येक वडा कार्यालयमा र नगरपालिकाको कार्यालयमा बालबालिका डेक्स स्थापना गरिनेछ ।

(२) बालबालिका डेक्स सञ्चालन गर्नको लागि कम्तिमा एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकिनेछ।

**(ख) बालबालिका डेक्सको काम, कर्तव्य र अधकिारः**

(१) सबै प्रकारका बालबालिका (अपाङ्गता भएका, अनाथ, असहाय, अशक्त, मानसिक असन्तुलन भएका र यौनिक अल्पसङ्ख्यक समेत) को तथ्याङ्क र सूचना अद्यावधिक गर्ने ।
(२) बालक्लव तथा बालक्लव सञ्जालहरुको दर्ता गर्ने ।
(३) बालबालिका र सरोकारवालाहरुबीच सम्बन्ध र समन्वय विस्तार गर्ने ।
(४) बाल अधिकार समिति, बालमैत्री स्थानीय शासन समिति, बाल संरक्षक, संरक्षक शिक्षक, बालक्लब र बालक्लब सञ्जालहरुबीच समन्वय तथा सहकार्य गर्ने ।

ठाकुरबाबा नगर बालबालिकाको हक अधिकार संरक्षण र सम्वर्द्धन सम्बन्धी कार्यविधि, २०७८

(५) बालअधिकारमा आधारित सहभागितामूलक विधिबाट बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र क्रियाकलापहरुमा सहजीकरण गर्ने ।

(६) बालक्लब, बालक्लब सञ्जाल तथा बाल भेलाको सहजीकरण गर्ने ।

**(६) बालक्लव र बालक्लव सञ्जालः**

बालबालिकाको संगठित हुने अधिकारको प्रत्याभूति दिलाउन विद्यालयमा आधारित, समुदायमा आधारित तथा विशेष गरी ३ प्रकारका बालक्लब गठन र सोको सञ्जालहरु गठन गरी नगरपलिकाका सम्वन्धित वडा कार्यालयमा दर्ता गरिनेछ ।

("स्पष्टीकरण" बिशेष भन्नाले अपाङ्गता भएका, अनाथ, असहाय, अशक्त, बालगृहमा रहेका र यौनिक अल्पसंख्यक आदि समेतलाई बुझाउँछ ।)

**९.१ बालक्लव सञ्जालहरूको गठन**

बाल क्लबहरूबीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सृजना गर्न बाल क्लब सञ्जालको गठन गरिनेछ। वडामा गठन भएका सबै बालक्लव समेटी प्रत्यक वडामा एक/एक वडास्तरीय बालक्लव सञ्जाल गठन गरिने छन । सबै वडाको बालक्लव सञ्जालको प्रतिनिधित्व हुने गरी नगरपालिकामा एक नगर स्तरीय बालक्लव संञ्जाल गठन गरिने छ ।

**९.२ बालक्लव दर्ता**

रितपूर्वक गठन भएका बालक्लवहरु नगरपालिकाको वडा कार्यालयमा दर्ता गरिने छ । यसरी रितपूर्वक दर्ता हुन आएका बालक्लवहरु तथा बाल सञ्जालहरुलाई अनुसूची १ अनुसारको दर्ता प्रमाणपत्र र बालक्लवको विधान वडा कार्यालयबाट प्रमाणित गराई बालक्लवहरुलाई उपलब्ध गराइने छ ।

**१०) बाल कल्याण कोषः**

जोखिमपूर्ण श्रममा संलग्न रहेका, यौनशोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेका, शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पिडित, अपाङ्गतामा भएका, दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका, हिंसाबाट प्रभावित एवं पिडित भएका, हराएको वा बेवारिसे अवस्थामा फेला परेका, ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पिडित भएका, बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरको कारणले बेवारिसे भएका, बाबुआमा वा आफन्तजनको संरक्षणबाट वञ्चित भएका, सुस्त मनस्थिति भएका, अपहरण वा शरीर बन्धकमा परेका, सडक बालबालिका एच.आई.भि.संक्रमित तथा प्रभावित भएका बालबालिकालाई आकस्मिक सहयोग पुगाउन, तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्ने कामका लागि नगरपालिका तथा वडामा बाल कोष स्थापना गरिने छ । बालकोष परिचालन सम्वन्धी छुट्टै कार्यबिधि तयार गरी सो को कार्यान्वयन गरिने छ ।

**११) बालकल्याण अधिकारीः** : बालबालिका सम्वन्धी ऐन २०७५, को दफा ६१ मा भएको ब्यवस्था अनुरुप नगरपालिकाले बालकल्याण अधिकारी नियुक्त गर्नेछ । बालकल्याण अधिकारी नियुक्त नगरे सम्मका लागि महिला तथा बालबालिका शाखा प्रमुखलाई सो को जिम्मेवारी तोक्न सक्नेछ ।

**११ क. बालकल्याण अधिकारीको कार्य जिम्मेवारी देहाय बमोजिम रहने छ ।**

- ✓ बालबालिकाहरुको हक हितको संरक्षण तथा बालकल्याणसम्बन्धी नगरपालिकास्तरीय योजना तथा कार्यक्रम तर्जुमा गर्न बाल अधिकार समितिलाई सहयोग गर्ने ।
- ✓ बाल अधिकार समितिको निर्णय एवम् निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।
- ✓ बाल अधिकार समितिको स्वीकृत कार्यक्रमको आन्तरिक मूल्यांकन गराउने र त्यसको प्रगति विवरणहरु समितिको बैठकमा पेश गर्ने ।

ठाकुरबाबा नगर बालबालिकाको हक, अधिकार संरक्षण र सम्वर्धन सम्बन्धी कार्यविधि, २०७८

- ✓ बाल अधिकार समितिको कार्य सञ्चालनको निमित्त आवश्यक स्रोतको खोजी गर्ने र प्राप्त स्रोतहरुको परिचालन गर्ने ।
- ✓ बाल अधिकार समितिको वित्तिय कारोवारको लेखा ठीकसंग राख्न लगाउने ।
- ✓ बाल अधिकार समितिको निर्णय बमोजिम संरक्षण बिहिन बालबालिकालालाई संरक्षकत्व प्रदान गर्ने, बालगृहका लागि सिफारिस गर्ने,
- ✓ आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार तथा पुर्नस्थापनाको कार्य गर्ने ।
- ✓ बालबालिकाको सर्वोत्तम हित निर्धारण गर्ने ।
- ✓ घटना व्यवस्थापन प्रक्रियालाई अवलम्वन गर्ने गराउने ।
- ✓ बालबालिकाका क्षेत्रमा नगरपालिकामा कार्यरत संस्थाहरु सूचीकृत गर्ने ।
- ✓ बालअधिकार समितिले तोकेको अन्य कार्य गर्ने ।
- ✓ अभिलेखिकरण गर्ने।

**१२) अनुगमन तथा निरीक्षणः**

बाल अधिकार समितिले बालअधिकारको प्रचलन गराउन तथा बाल संरक्षणका लागि आप्नो कार्यक्षेत्रभित्र अनुगमन गर्न समिति आफै वा अनुगमनका लागि टोली खटाई कम्तिमा पनि प्रत्येक ३ महिनामा एक पटक अनिवार्य हुने गरी अनुगन कार्य गर्ने छ। अनुगमन पश्चात प्राप्त तथ्य सहितको प्रतिवेदन बाल अधिकार समितिमा पेश गरी आवश्यक कार्वाहिको लागि सरोकारवाला निकाय समक्ष सिफारिस गरिने छ ।

**१३) बालबालिकाको उद्धार तथा पुनर्स्थापना सम्वन्धी कार्य**

**क)** कुनै पनि बालबालिकाका जोखिमपूर्ण अवस्थामा रहेको भेटिएमा वा सूचना प्राप्त भएमा उक्त बालबालिकाको सर्बोत्तम हितलाई ख्यालमा राखी प्रहरी प्रशासनको सहयोगमा उद्धार तथा पुनर्स्थापनाको कार्य गरिने छ । साथै घटना व्यवस्थापन प्रकृयालाई अवलम्वन गर्दै बालबालिकाको पुर्नस्थापना कार्य बालअधिकार समतिले गर्ने छ ।

**ख)** बालकल्याण अधिकारी वा प्रहरी कर्मचारी आफैंले कुनै बेवारिसे बालबालिका फेला पारेमा वा अन्य कुनै व्यक्तिले बुझाउन ल्याएमा त्यस्तो बालकको सम्बन्धमा यथासम्भव तीन पुस्ते नाम, थर, ठेगाना, फोटो तथा शरीरमा रहेको कुनै विशेष चिन्हसहितको विवरण र औंठाको छापसमेत आफ्नो कार्यालयमा राखी त्यस्तो बालकलाई संरक्षणका लागि नजिकको बालगृहमा जिम्मा लगाउने छ ।

**ग)** बेवारिसे बालकको बाबु, आमा, नातेदार वा संरक्षकको पत्ता लगाउने प्रयोजनको निमित्त बालकल्याण अधिकारी, प्रहरी कार्यालय वा सम्बन्धित बालगृह प्रमुखले त्यस्तो बालकको हुलिया तथा फोटोसहितको सूचना कुनै पत्रपत्रिकामा प्रकाशित गराउन वा सञ्चारको अन्य माध्यमबाट प्रशारण गराउन सक्नेछन् । तर यसरी सूचना प्रकाशन गर्दा गोपनियताको हकलाई विशेष ख्याल राख्न पर्ने छ ।

**१४) बजेट विनियोजन सम्वन्धी व्यवस्थाः** ठाकरुबाबा नगरपालिका र यसका सबै वडाहरुमा प्रतेक आ.व.मा पालिका तथा वडाको विकास बजेटबाट अनिवार्य रुपमा आवस्यकता अनुसार बालबालिकाका लागी बजेट विनियोजन गरिने छ ।

**१५) वैकल्पिक हेरचाह सम्वन्धी व्यवस्था** वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने सवालमा वैकल्पिक हेरचाह आवस्यक रहेका बालबालिकाको लागि स्थानिय संरक्षक खोजी वा आवसीय बालगृहमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिई संरक्षकत्व प्रदान गरिने छ ।

**१६) आवसीय बालगृहको (बाल अधिकार संरक्षण केन्द्र) स्थापना तथा संचालनः**(१) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको सरंक्षण गर्ने प्रयोजनको लागि नगरपालिकाले नियमानुसार स्थानिय

ठाकुरबाबा नगरपालिका बालबालिकाको अधिकार संरक्षण र सम्वर्धन सम्बन्धी कार्यविधि, २०७८

स्तरको अल्पकालिन तथा दीर्घकालिन आवासीय बाल गृह ( बाल अधिकार संरक्षण केन्द्र) को स्थापना गरी सञ्चालन गर्ने छ ।

१७) **अनुगमन तथा निरीक्षण :** (१) बाल अधिकार समितिले नगरपालिका भित्र भएका सबै बाल अधिकार हननका घटना, वडा बाल अधिकार समिति, बाल कल्याण गृह, बाल गृह, बाल सुधार गृह, अनाथालय वा केन्द्रहरु र बालबालिकाका लागि सञ्चालनमा रहेका आवधिक गृह तथा अन्य गृह समेत जहिले सुकै निरीक्षण गरी निर्देशन दिने, नियमन गराउने र आवश्यक कार्वाहिका लागि सिफारिस समेत गर्ने छ ।

१८) **समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञको नियुक्ति** बालबालिकाको हक अधिकार स्थापनाका लागि कार्यरत सामाज सेवी तथा बाल मनोविज्ञ, सामाज सेवी र बाल मनोविज्ञ वा बाल विशेषज्ञको रूपमा काम गर्न चाहने व्यक्तिहरुलाई सुचीकृत गरी सेवा लिईने छ ।

१९) **सजायः** कुनै संस्था, व्यक्ति वा निकायले बाल अधिकार उल्लङ्घन गरेमा, संरक्षक वा परिवारका कुनै सदस्यले आफ्नो दायित्व पूरा नगरेमा संघीय कानूनमा व्यवस्था भए अनुसार सजाय हुनेछ ।

२०) **प्रोत्साहनको व्यवस्था :** बाल संरक्षण तथा सम्वर्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लव, सञ्जाल तथा संघसंस्थालाई पालिकाले प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्न सक्नेछ ।

२१) **कार्यविधिको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार :** कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै दुविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार ठाकुरबाबा नगरपालिकाको कार्यपालिकालाई हुनेछ ।

२२) **बचाउः** बालबालिकाको हक अधिकार स्थापित गर्ने सम्वन्धमा यो कार्यविधि लागू हुनुभन्दा पहिले भए गरिएका सबै कार्यहरू यसै कार्यविधि वमोजिम भए गरेका मानिनेछन् ।

२३) **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएजति कुरामा यसै कार्यविधि बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची १
## बालमैत्री स्थानीय शासनका सूचकहरु

**बाल बचाऊ :**

**क.** ६ महिनासम्मको शिशुलाई आमाले पूर्ण स्तनपान (आमाको दूध मात्रै) गराएको हुनुपर्ने,
**ख.** बालबालिकाले पूर्ण रुपमा खोप (बि. सि. जि., डि. पि. टी., हेपटाइटिस बि, हिब ३, पोलियो, दादुरा आदि) पाएको हुनुपर्ने,

ठाकुरबाबा नगर बालबालिकाको हक अधिकार संरक्षण र सम्वर्धन सम्बन्धी कार्यविधि २०७८

**ग.** ६ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल र जुकाको औषधी खुवाएको हुनुपर्ने,

**घ.** गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएको हुनुपर्ने,

- गर्भवती महिलाहरुले कम्तिमा प्रसूतिपूर्व ४ पटक र प्रसूतिपश्चात् आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने,
- बालबालिकाको २ वर्षभित्र २४ पटक अनिवार्य तौल लिएको हुनुपर्ने ।
- गर्भवती महिलाले टिटानसविरुद्धको २ वटा खोप लगाएको हुनुपर्ने,
- एच्. आई. भी. संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरुले ARVProphylaxis पाएका हुने,
- गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनुपर्ने,
- सबै घरधुरीमा स्वच्छ खानेपानीको सुविधा हुनुपर्ने ।
- साबुन पानीले हात धुने परिपाटी (चर्पी गएपछि, खाना खानु अगाडि र बालबालिकाको दिसा धोएपछि) को विकास भएको हुनुपर्ने,
- सबै बालबालिकाले आयोडिनयुक्त नुन प्रयोग गरेको हुनुपर्ने ।

**बाल संरक्षण :**

- ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनुपर्ने,
- बाल विवाहको सङ्ख्यामा कमी आउनुपर्ने,
- निकृष्ट प्रकारको बालश्रमको दर घटेको हुनुपर्ने,
- घरपरिवार र समुदायबाट बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, दुर्व्यवहारजस्ता घरेलु हिंसा कम गर्न पहल भएको हुनुपर्ने,
- बाल संरक्षण सम्वन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली सक्रिय भएको हुनुपर्ने ।

**बालविकास**

- ३ देखि ४ वर्ष उमेर पुगेका बालबालिकाहरु प्रारम्भिक बाल विकास कक्षामा भर्ना भएको हुनुपर्ने,
- ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पुरा गरेको हुनुपर्ने,
- कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका शत प्रतिशत बालबालिकाहरु विद्यालयमा भर्ना भएका हुनुपर्ने,
- विद्यालय जान नपाएका बालबालिकाहरुले अनौपचारिक शिक्षा प्राप्त गरेको हुनुपर्ने,
- प्रत्येक विद्यालयमा छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भएको हुनुपर्ने,
- प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलापसम्वन्धी कार्यक्रम सञ्चालन भएको हुनुपर्ने ।

**बालसहभागिता**

१. स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरुको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराएको हुनुपर्ने,

२. स्थानीय तहले सञ्चालन गर्ने बाल सरोकारका योजनामा बालबालिकाको आवाज समेटिएको हुनुपर्ने,

३. विद्यालय व्यवस्थापन समितिमा संस्थागत तवरबाट बालबालिकाको आवाज सुनिने व्यवस्था सुनिश्चित भएको हुनुपर्नेस्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व हुनुपर्ने,

- नगरपालिकाको प्रत्येक वडामा बाल समूह गठन भै क्रियाशील रहनुपर्ने,
- नगर तथा वडा तहमा बाल सञ्जाल गठन भएको हुनुपर्ने ।

ठाकुरबाबा नगर बालबालिकाको हक अधिकार संरक्षण र सम्वर्धन सम्बन्धी कार्यविधि, २०७८

**संस्थागत सूचकहरु**

- स्थानीय तहका नगरसभा नियमित रुपमा सञ्चालन भएको हुनुपर्ने,
- स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री व्यवहार, आचार संहिता तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हुनुपर्ने,
- स्थानीय तहमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको हुनेछ ।
- स्थानीय विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहनेछन् ।
- स्थानीय स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील रहनेछन्
- स्थानीय स्तरमा बालविकास केन्द्र, बालकक्षा तथा पूर्व प्राथमिक कक्षाहरु संचालन भएका हुनेछन्,
- स्थानीय स्तरमा बालक्लवहरुको सक्रियता रहनेछ ।
- स्थानीय स्तरमा निगरानि समूह र टोल विकास संस्थाहरु बालअधिकार संरक्षण र सम्वर्द्धनमा क्रियाशील रहनेछन् ।
- स्थानीय स्तरमा बाल संजाल विकास भएको हुनेछ र जिल्लास्तर सम्म उनीहरुको प्रतिनिधित्व रहनेछ ।
- बालबालिकाका लागि स्थानीय विकास योजना र लगानी योजना तर्जुमा भै कार्यान्वयनभएको हुनेछ ।
- नगर तथा वडा योजनामा बालबालिकाका योजना बालमैत्री तरवबाट तर्जुमा र कार्यान्वयन भएको हुनेछ ।
- बालबालिकासम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ ।
- बाल कल्याण कोषको स्थापना भएको हुनेछ ।

<u>आज्ञाले</u>

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगर बालबालिकाको हक अधिकार संरक्षण र सम्वर्धन सम्बन्धी कार्यविधि, २०७८